# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:16.07.2024**

---

***All Party Meet***

संसदको बजट सत्र आउँदो सोमवार बाइस जुलाईदेखि शुरू हुनेछ।

यो बाह्र तारीक अगस्तसम्म चल्नेछ।

केन्द्रीय बजट तेइस जुलाईका दिन प्रस्तुत गरिने भएको छ।

यो नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकाल पहिलो बजट हुनेछ।

गत महीना रास्ट्रपति श्री द्रौपदी मुर्मुले संसदका दुवै सदनको संयुक्त बैठकलाई सम्वोधन गर्दै के भन्नुभएको थियो भने यो बजट सरकारका ढूरगामी नीतिहरू र भविस्यको दृस्टिकोणको प्रभावी ढस्तावेज हुनेछ।

यसैवीच केन्द्र सरकारले संसदको बजट सत्रअघि आगामी आइतवार सर्वदलीय बैठक बोलाएको छ।

बैठकमा सरकारले संसदका दुवै सदनको सुचारू सञ्चालनका लागि सबै राजनीतिक दलहरूसित सहयोगको अनुरोध गर्नेछ।

---

***Thungkar Tsechu***

राज्यमा आज गुरू पदमसम्भवको जयन्ती ठुङकार छेचु मनाइयो।

यस अवसरमा वौध्द धर्मावलम्वीहरूले विभिन्न गुम्पामा गई पूजा अर्चना गरे।

सिक्किम वौध्द चुछेन संगठन र सिक्किम वौध्द संघद्वारा डोड्डुल छोर्तेन देवरालीमा आयोजित मुख्य अनुस्ठानमा मुख्यमन्त्री श्रई प्रेमसिंह तामाङ उपस्थित रहनुभयो।

योग्मे टुल्कु रिम्पुछेको उपस्थितीमा आयोजन गरिएको अनुस्ठानमा श्री तामाङले गुरू पदम सम्भवको अड़तीस फीट लामो थाङका सार्वाजनिक गर्नुभयो।

यस उपलक्ष्यमा मुख्यमन्त्रीले राज्य र राज्यवासीहरूको शान्ति, समृध्दि र कल्याणका लागि प्रार्थना गर्नुभयो।

पछि डोड्रुल छोर्तेनवाट धार्मिक शोभायात्रा निकालियो। गुरू रिम्पुछेको तस्वीर र प्रतिमा साथै पुस्तक बोकेका श्रध्यालुहरूको शोभायात्राले गान्तोक बजारको परिक्रमा गरी छोर्तेनमै पुगेर विसर्जित भयो।

राज्यका मानिसहरू गुरू रिम्पुछेलाई आफ्नो संरक्षक सन्त मान्छन्। अफगानिस्तानमा जन्म ग्रहण गर्ने शुरू पदमसम्भवले आठौ शताब्दीमा सम्ग्र तिब्बतमा भगवान बुध्दको सन्देश प्रचार गर्नुभएको थियो।

गुरू रिम्पुछे जयन्ती अनुस्ठानमा मन्त्रीहरू श्री सोनाम लामा र श्री अरूण उप्रेती, विधायकहरू श्री दिले नाम्गेल बर्फुङपा र श्री तेञ्जिङ नर्बु लाम्था, अन्य गण्यमान्य व्यक्तिहरू अतिथिगण र श्रध्दालुहरूको सहभागिता रहयो।

यसैवीच राज्यपाल श्री लक्ष्मण प्रसाद आर्चाले राज्यवासीहरूलाई रिम्पुछे ठुङकार छेचुको अवसरमा शुकामना दिनुभएको छ।

आफ्नो सन्देशमा उहाँले सिक्किममा सुख शान्ति समृध्दिसँगै सबै समुदायवीच आपसी सदभाव अझ प्रगाढ बनोस् भन्ने कामना गर्नुभएको छ।

---

***Rankey mela main***

पारम्परिक राँके मेला नाम्चीको किसान बजारमा आजदेखि शुरू भएको छ।

दुई दिने लामो मेलाको उद्घाटन शहरी विकास मन्त्री श्री भोजराज राईले गर्नुभयो।

परम्परा अनुसार यस मेलामा रातीको समय राँके भूतको भगाउने प्रचलन छ। राँके भूत फसलका निम्ति नोक्सानदायक हुन्छ भन्ने लोक विश्वास छ।

जिल्ला प्रशासनिक केन्द्र, नाम्ची र राँके मेला आयोजन समितिको तत्वावधानमा आयोजित मेलाका आकपण पारम्परिक र सांस्कृतिक प्रदर्शनी अनि  खेलकुद रहनेछन्।

कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै मन्त्री श्री भोजराज राईले राँके मेलाको परम्परालाई कायम राख्नमा राज्य सरकारवाट सहयोग प्रदान गरेकोमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङप्रति आभार प्रकट गर्नुभयो।

यस अवसरमा जूम सालघारीका विधायक श्री मदन सिञ्चुरी र बर्फुङ क्षेत्रका विधायक श्री रिक्सेल दोर्जी भुटिया पनि उपस्थित हुनुहुन्थ्यो।

---

***Rankey Mela***

राँके मेला समारोहमा शहरी विकास मन्त्री आज खुल्ला राज्य स्तरीय महिला म्याराथन र महिला वरिस्ठ नागरिक वकाथनलाई प्रस्थान गराउनुभयो।

मन्त्रीले म्याराथन आयोजनाद्वारा स्वस्थ जीवनशैलीका निम्ति जनतालाई प्रोत्साहित गरेकोमा आयोजन समितिको प्रशंसा गर्नुभयो।

भोलि खुल्ला पुरूष म्याराथन दौड़ र खुल्ला पुरूष वरिस्ठ नागरिक म्याराथन दौड़ आयोजित हुनेछ।

---

***Marathon***

नशामुक्त भारत अभियान अन्तर्गत समाज कल्याण विभाग, नाम्चीले आउँदो महीना तीन तारीकका दिन म्याराथन दौड़ आयोजन गर्नेभएको छ।

यो दौड़ खुल्ला पुरूष, खुल्ला महिला अनि अन्तर्विद्यालय ठिटा र ठिटी गरी तीन वर्गमा हुनेछ।

यसका लागि पञ्जीकरण, किसान मार्केट विपरीत, नाम्ची राङके मेला समारेहमा खड़ा गरिएको पहिलो स्टलमा भइरहेछ।

---

***NSS Festival***

पूर्वोत्तर रास्ट्रिय सेवा योजना NSS उत्सव 2024 गान्तोकको मनन केन्द्रमा आजदेखि आरम्भ भएको छ।

खेल तथा युवा मामिला मन्त्री श्री राजु बस्नेतले यसको उद्घाटन गर्नुभयो।

केन्द्रीय खेल तथा युवा मामिला विभागको सहयोगमा राज्यको खेल विभाग अधिन NSS cell द्वारा आयोजित उत्सवको उद्देश्य पूर्वोत्तर क्षेत्रका  संस्कृतिको विविधता प्रदर्शन गरेर क्षेत्रवीच एकताको भावना विकसित गर्नु रहेको छ।

उत्सवमा व्यावसाय परामर्श, जीवन कौशल प्रशिक्षण र व्यक्तित्व विकासका साथै योग, जुम्बा तथा शारीरिक क्रियाकलापहरू अनि सांस्कृतिक प्रस्तुती सामेल रहनेछन्।

यसमा तीन सय पन्ध्र जना युवाहरूले भाग लिइरहेछन्।

यो शिविर उन्नाइस जुलाईमा समाप्त हुनेछ।

---